


मो.जि.प्र.का.द.नं. २६१/०७१/०७२

"आवाज विहीनहरुको आवाज"

# बेतना

Betana National Daily राष्ट्रिय दैनिक

**बेलबारीमा पार्टी प्यालेस खुल्यो**

अव बेलबारीमा विवाह, ब्रतबन्ध, सेमिनार, गोष्ठी, बर्थडे लगायत सर्म्पुण कार्यको लागी बेलबारी पार्टी प्यालेस खुलेको जानकारी गराईन्छ । यहाँ क्याटरिङको ब्यबस्था सहित एयर कन्डिसनयुत्त साना तथा ठुला हलहरु समेत उपलब्ध छ ।

**सम्पर्क : बेलबारी पार्टी प्यालेस**

बेलबारी १ नयाँ सब्जी लाईन

सम्पर्क : ९८२७३३२०७७, ९८४२१००६९९

≈ वर्ष: ६ ≈ अङ्क: १०९ पुर्णाङ्क १६२६ ≈ वि.सं. २०७७ कार्तिक २७ गते बिहिबार ≈ 12 nov . 2020 www.betanadaily.com मूल्य रु ५ ।-

**चिम्नी फेमेली रेष्टुरेण्ट**

बेलबारी १ मोरङ (पुर्ब बस स्टेण्ड उत्तर ) सम्पर्क नम्बर : ९८११३७७९४१, ९८६२०४५७६९
खुल्ने समयः विहान १० बजे बन्द हुने समय राति ९ बजे



तपाई हाम्रै शहर बेलबारी १ मा ग्राहकहरुको सेवा र सुबिधाका लागी सुबिधा सम्पन्न होटल एण्ड रेष्टुरेण्ट खुलेको सहर्ष जानकारी गराईन्छ ।

यहाँ पिज्जा, वर्गर, मःम, चाउमिन, चिसो पेय पदार्थ, अर्डर अनुसारको खाना सहित होम डेलिभरीका सुबिधा र फ्रि वाईफाई सहित बर्थ डे र अन्य कार्यक्रमका लागी एसी जडित हलको समेत ब्यबस्था छ । साथै एक जना कुक र एक जना वेटरको आवश्कता छ ।




**जय दुर्गे ईलोक्ट्रोनिक्स् सेन्टर, बिराटचोक**

Samsung, Whirlpool, Hisense, Himstar

लगातयका कम्पनिको आदिकारिक बिक्रेता ।

यहाँ बिभिन्न कम्पनिका ईलोक्ट्रोनिक्स् समानहरु सुपथ मुल्यमा पाईन्छ ।



**जय दुर्गे ईलोक्ट्रोनिक्स् सेन्टर, बिराटचोक**

पश्चिमलाईन, (माछापुच्छ्रे बैंकको नजिक)

प्रो. दुर्गाकुमार श्रेष्ठ, फोनः ०२१ ५४५६०९ मो. ९८५२०४१५४२

**स्वाद रेष्टुरेन्ट एण्ड वार**

यहाँ म.म, चाउमिन, पिज्जा, बर्गर चिसो पेय पदार्थ, आइसक्रिम लगायत विभिन्न प्रकारका खानेकुराहरु अर्डर अनुसार तयार पारिन्छ । एकपटक सेवा गर्ने मौका दिनुहोला ।



**हाम्रा विशेषताहरूः-**

अनुभवी तथा दक्ष कुक, वेटर तथा २ जना वेर्टस चाहियो ।

Family Restaurant & Bar , Sports Live , birthday & anniversary events, seminar & Meetings, Home Delivery, full AC.

**स्वाद रेष्टुरेन्ट एण्ड वार** सुन्दरहरैचा-१० विराटचोक मोरङ

सम्पर्कः ९८१५९७११३५, ९८५२०८८८११




# प्रदेश १ मा संक्रमितका लागि ५ सय बेड थप्ने तयारी

**विराटनगर ।** प्रदेश १ सरकारले कोरोना संक्रमितको उपचारका लागि ५ बेड थप गर्ने तयारी गरेको छ ।

प्रदेशभरि अक्सिजन, आईसियू र भेन्टिलेटरसहितका बेड थप गर्ने सरकारले तयारी गरेको सामाजिक विकास मन्त्री जीवन घिमिरेले जानकारी दिएका छन ।




प्रदेशस्तरीय स्वास्थ्य कार्यालयहरूको वार्षिक स्वास्थ्य समीक्षा तथा योजना तर्जुमा गोष्ठि कार्यक्रममा मन्त्री घिमिरेले कोरोना संक्रमितले अक्सिजन, आईसियू र भेन्टिलेटरको खोजी गर्न थालेको बताए ।

प्रदेश सरकार परिस्थितिको मागअनुसार अघि बढेको भन्दै उनले प्रदेशभरि ५ सय बेड विस्तार गर्ने तयारी गरिएको उनले बताए । कोरोना संक्रमण एकनास नभएकाले संक्रमणको अवस्थाअनुसार योजना बनाउन स्वास्थ्य कार्यालयका प्रमुखहरूलाई उनले निर्देशन दिए ।

मन्त्री घिमिरेले भने, तेह्रथुमको आठराई र विराटनगरमा संक्रमणको अवस्था फरक छ । अवको चुनौतिलाई सामना गर्न स्थान विशेषको कोरोना नियन्त्रणको नीति बनाउन आवश्यक रहेको उनको भनाइ छ ।

कोरोना संक्रमणको कारण विश्व स्वास्थ्य संगठन र स्वास्थ्य मन्त्रालयले भनेजस्तो भन्दापनि स्थानीयस्तरको अवस्थाबारे पनि खोजी गर्न आवश्यक रहेकोमा उनको जोड छ ।

कोरोना संक्रमण नियन्त्रणका लागि सर्वसाधारणले सरकारी प्रोटोकल पालना नगरेकोप्रति उनले गुनासो गरे । कार्यस्थलमा स्वास्थ्य सावधानी अपनाएको नपाइएको मन्त्री घिमिरेले बताए । समीक्षा कार्यक्रममा मन्त्री घिमिरेले निजी अस्पतालको स्वीकृति र नियमनमा स्वास्थ्य कार्यालय प्रमुखहरूले ध्यान दिनुपर्ने बताए ।

स्वीकृति दिँदा मापदण्डअनुसार भए-नभएको हेर्ने र अनुगमनको काम स्वास्थ्य कार्यालयले गर्नुपर्ने समेत उनले बताएका छन ।

# अक्सिजनको खपत बढेपछि माग धान्नै मुस्किल

**विराटनगर ।** समुदायस्तरमा कोभिड १९ को महामारी फैलिएसँगै अक्सिजनको माग धान्नै मुस्किल पर्न थालेको छ ।

लक्षणासहितका संक्रमित थपिएसँगै बजारमा अक्सिजन ग्यासको माग पनि अत्यधिक वृद्धि भएको छ । माग बढेका कारण उद्योगहरुलाई धान्नै मुस्किल पर्न थालेको हो । दिनरात उत्पादन गर्दा पनि माग पूरा गर्न नसकिएको अक्सिजन उत्पादन गर्ने उद्योगहरुले जनाएका छन् ।

कोभिड महामारी अघिभन्दा तीन गुणाले माग बढेको उनीहरु बताउँछन् । पहिलेको तुलनामा अस्पतालहरुमा अक्सिजनको माग अत्यधिक बढेको बिक्रेता भाजुरत्न मोटर्सका प्रबन्धक केदार श्रेष्ठले बताए ।


भाजुरत्नले हिमालय अक्सिजन उद्योगले उत्पादन गरेको अक्सिजन बिक्री वितरण गर्दै आएको छ । कोभिड १९ महामारीभन्दा अगाडि मासिक एक सय ५० वटा ६० केजी तौलका अक्सिजन सिलिन्डर बिक्री हुने गरेकोमा अहिले मासिक तीन सयभन्दा बढी सिलिन्डर बिक्री हुने गरेको श्रेष्ठले बताए ।

विराटनगरमा पाँचवटा उद्योगले अक्सिजन उत्पादन गरे पनि माग पूरा गर्न नसकिएको उनले बताए । अक्सिजन उत्पादनमा कुनै समस्या नभए पनि अक्सिजन भर्ने सिलिन्डर सीमित हुँदा मागअनुसार पूरा गर्न नसकिएको उनले बताए ।

कोरोनाका बिरामीलाई अक्सिजन पहिलो आवश्यकता हुने भएकाले माग धेरै छ, उनले भने,विराटनगरमा अक्सिजन उत्पादन गर्ने पाँचवटा उद्योग भए पनि माग पूरा गर्न नसकिएको उनले बताए ।

खाली भएर आएका सिलिन्डरलाई तत्काल भरेर पठाउने गरेको विनायक अक्सिजन उद्योगकी कर्मचारी तारा अधिकारीले बताइन् । पुराना सिलिन्डर भर्ने काम त हाम्रो उद्योगले रातदिन गरेर गरिरहेको छ, उनले भनिन्, नयाँ सिलिन्डर भने हामीले अहिले दिन सकिरहेका छैनौं । अक्सिजन सिलिन्डर थप्न नसक्दा खोज्न आउनेलाई पनि अन्यत्र पठाउन पर्ने अवस्था रहेको उनले बताइन ।

श्वासप्रश्वास समस्या भएका बिरामी बढेसँगै अक्सिजनको आवश्यकता बढेको कोशी अस्पताल इमेजेन्सी वार्डका स्वास्थ्यकर्मी रघुनन्दन अधिकारीले बताए । विराटनगरमा विनायक अक्सिजन, हिमालय अक्सिजन, दुर्गा अक्सिजन, पाथीभरा अक्सिजन र मारुती अक्सिजन उद्योगले अक्सिजन सप्लाई गर्दै आएका छन् ।



सम्पादकीय....

# नेकपाभित्रको किचलो अन्त्य गर

देशमा एकातिर कोरोनाको महामारी छ भने अर्कोतिर सत्तासिन नेकपाका नेताहरुको आन्तरिक किचलोका कारण थप समस्या उत्पन्न भईरहेको छ ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी नेकपाभित्रको विवाद थप उत्कर्षमा पुग्ने देखिएको छ । अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) सहितका नेताहरूले सचिवालयको बैठक राख्न लिखित रुपमा प्रधानमन्त्री केपी शर्मा ओलीसँग माग गर्दा समेत सहमति नदिएपछि नेकपाभित्रको विवाद थप उत्कर्षतिर उन्मुख भएको हो।

अध्यक्ष दाहालसहित वरिष्ठ नेताद्वय झलनाथ खनाल, माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम र प्रवक्ता नारायणकाजी श्रेष्ठले प्रधानमन्त्री ओलीलाई बैठक राख्ने सहमति दिनका लागि माग गरेका थिए। तर , प्रधानमन्त्री ओलीले बैठकका लागि सहमति नदिएपछि अब कसरी अघि बढ्ने भन्नेबारे छलफल भईरहेको छ ।

प्रधानमन्त्री ओलीले महासचिव बिष्णु पौडेललाई अध्यक्ष दाहाल निवास खुमलटार पठाएर पार्टीको विधानअनुसार बैठक राख्ने जवाफ पठाएका थिए। तर, अध्यक्ष दाहालले प्रधानमन्त्री ओलीले बैठक राख्ने सहमति नदिए अब औपचारिक बैठक राखेर निर्णय लिने जवाफ फर्काएका थिए ।

नेकपा विधानको धारा ५९ (उपधारा २) मा केन्द्रीय सचिवालय बैठक आवश्यकताअनुसार बस्ने लेखिएको छ । केन्द्रीय सचिवालय विधानतः केन्द्रीय कमिटी मातहत हुने भएकाले लिखित अनुरोध पत्रपछि १५ दिनभित्र बैठक बोलाइ सक्नुपर्ने प्रावधान छ। यही प्रावधानलाई टेकेर प्रधानमन्त्री ओलीले महासचिव पौडेललाई खुमलटार पठाएका थिए ।

पार्टीभित्रको निर्णय कार्यान्वयनमा नआएको कारणले फेरि पार्टीमा विवाद भएको हो । अब जसरी पनि पार्टीभित्रको समस्या समाधान गर्नका लागि सचिवालय र स्थायी कमिटीको बैठक नराखे समस्या थप जटिल बन्ने देखिन्छ ।

अध्यक्ष दाहालसँग कार्यकारी अधिकारसहित बैठक राख्न पाउने अधिकार भएपनि प्रधानमन्त्री ओलीले सहमति बिना बैठक राखिए पार्टी फुटको बिन्दु त्यही हुने चेतावनी दिएका थिए। ओलीले यस्तो चेतावनी दिएपछि बैठक माग गर्ने पक्ष हच्किएको थियो । सचिवालयका बहुमतका सदस्यहरू प्रधानमन्त्री ओलीका कारणले पार्टीभित्र पटक पटक संकटको अवस्था आइरहेको निष्कर्षमा पुगिसकेका छन्। दुई नेताबिचको बिवादको अनत्य गरी समस्या समाधान तफ् उन्मुख हुनु जरुरी छ ।




# कांग्रेस र चौधौं महाधिवेशन



**ध्रुवलाल पाण्डे**

नेपाली कांग्रेसको भूमिका हालका दिनमा अत्यन्त कमजोर र निरीह देखिँदै आएको छ । कांग्रेसकै नेताहरूले प्रतिपक्षको भूमिका पूरा हुन नसकेको स्वीकार गरिरहेका छन् ।

प्रतिपक्षको सदन र सडक हुन्छ । सदनमा कांग्रेसको संख्या ठूलो छैन । तर, गत निर्वाचनमा कांग्रेसले ल्याएको मत हर्ने हो भने नेपाली कांग्रेसले सडकबाट सर कारलाई सजग बनाउन सक्ने देखिन्छ । परन्तु, यसका लागि नेतृत्वमा नैतिक बल चाहिन्छ । कांग्रेसको नतृत्व भने नैतिक शक्तिमा कमजोर देखिन्छ ।

नेपाली कांग्रेस आफैं विभिन्न स्थायी गुट र उपगुटमा विभक्त छ । नेतृत्वले गुटको फाइदामात्र हेरेको पाइन्छ । सरकार कान्डैकान्डमा मुछिएको छ । जनता यस्ता कुराबाट आक्रान्त छन् । तर , कांग्रसले त्यस्ता क्रियाकलापको सशक्त विरोध गर्न सकिराखेको छैन ।

कांग्रेसले विरोधका लागि विरोध गरेजस्तो मात्रै देखिन्छ । कम्युनिस्टहरुको जनाधार खस्केको पक्कै हो तर नेपाली कांग्रेसको जनधार पनि बढेको छैन । अरु बिग्रे हामी सप्रन्छौं भन्ने सोच गलत हो । त्यस्तो नहुन पनि सक्छ ।

आक्रोशित युवालाई सामाजिक सञ्जालमार्फत पनि एकत्रित हुने र सशक्त विरोध गर्ने हुनसक्दो रहेछ । इनफ इज इनफ आन्दोलन त्यसको एउटा गतिलो नमुना हो । यसले स्थापित दलहरुप्रति जनआक्रोश बढेको देखाउँछ । यी सबै समस्या समाधानका लागि नेपाली कांग्रसले आगामी चौधौं महाधिवेशनमा गहन छलफल गरी दललाई एकजुट र तन्दुरुस्त बनाउन सक्नुपर्छ । तर परि स्थिति हेर्दा तेस्तो देखिँदैन ।

महाधिवेशनको टुंगो लागेको छैन तर अहिले नै उमेदवारी घोषणाको बाढी नै लागेको देखिन्छ । तर उनीहरुको उमेदवारी केका लागि हो भन्ने प्रस्ट भने देखिँदैन । यसरी नेपाली कांग्रेस सुन्छि भन्नेमा कांग्रेसका कार्यकर्ता र जनता विश्वस्त भएको पाईंदैन । त्यसैले आगामि अधिवेशनबाट निम्न कुराहरुमा कांग्रेस स्पष्ट हुन जरुरी देखिन्छ:

१ सैद्धान्तिक बहस र स्पष्टताः बीपी कोइरालाको समाजवादबाट कांग्रेस टाढा भइसकेको देखिन्छ । त्यसैले नेपाली कांग्रेसको सैद्धान्तिक दर्शन के हुने हो स्पष्ट पार्नु जरुरी छ । बीपी कोइरालाद्वारा प्रतिपादित सिद्धान्तलाई समय अनुकूल बनाउनुपर्ने भएमा सो समेत स्पष्ट गर्नुपर्छ । आगामी अधिवेशनबाट प्रजातान्त्रिक समाजवाद र राष्ट्रियताका विषयमा कांग्रेसले आफना धारणा जनतासम्म लैजान नसके कांग्रेसप्रतिको आकर्षण बढ्ने देखिँदैन ।

त्यसैले जनजनले बुझ्ने भाषामा र स्पष्ट मानकसहित आृना सिद्धान्तको व्याख्या कांग्रेसको अधिवेशनको आवश्यकता हो । यल विश्वविद्यालयका प्राध्यापक पेट्रिक जे डेनिन ले आृनो किताब ह्वाइ लिबरलिज्म फेल्ड (२०१८)भन्ने मा लेखेका छन - कुनै पनि सिध्दान्त भनाइ र गराइमा फरक हुँदा असफल हुन्छ । कांग्रेसको अहिलेको अवस्था पनि त्यस्तै देखिन्छ । त्यसैले सैद्धान्तिक स्पष्टता अहिले कांग्रेस अधिवेशनको पहिलो अपरिहार्य सर्त हो ।

२. आजसम्मका पार्टीका कामको निर्मम पुनरवलोकन : नेपाली कांग्रेसले कंजुसी नगरीकन विभिन्न कालखण्डमा कांग्रेसले गरेका काम र त्यस्तो काम गर्ने मान्छेलाई मेरो तेरो नभनी हाम्रो भनेर महाधिवेशनले धन्यवाद दिन सक्नुपर्छ र त्यस्तो राम्रो कामलाई महाधिवेशन प्रतिनिधिमार्फत गाउँगाउँसम्म लैजानुपर्छ ।

उदाहरणका लागि नेपाली कांग्रेसको खुला तथा उदार अर्थ नीतिका कारण स्वास्थ्य, विद्युत् उत्पादन, पर्यटन, बैंक तथा वित्तीय संस्थाजस्ता अर्थतन्त्रका आधार भूत पूर्वाधारको विकास भएको छ । नेपाली कांग्रेसकै नीतिका कारण प्रतिव्यक्ति आयसमेत बढेको छ । सन् १९९० मा पञ्चायती व्यवस्थाको अन्तिम समयमा वार्षिक प्रतिव्यक्ति आय १९२ अमेरिकी डलर रहेकोमा २०१९ को अन्त्यसम्ममा १,०७१ अमेरिकी डलर पुगेको छ ।

नेपाली कांग्रसका नेताहरुमाथि भ्रष्टाचार र अनियमितताका आरोपहरु पनि लागेका छन् । विभिन्न तहका निर्वाचनका टिकटहरु बेचिएका र दुःख पाएका कार्यकर्ताले टिकट नपाउँदा अन्तर्घात भई कांग्रेसका उम्मेदवारहरु हारेको चर्चा जनताका बीचमा हुनेगरेको छ ।

त्यसैले यस्ता कुराहरुमा निर्मम छलफल गरी यस्ता गलत कार्य भविष्यमा नहुने प्रत्याभूति आगामी अधिवेशनले कार्यकर्ता र जनतालाई दिन सक्नुपर्छ ।

३. धर्मसम्बन्धमा पार्टीको विचार : ८१.३ प्रतिशत हिन्दु, ९ प्रतिशत बौध्द र ३ प्रतिशत किराँत गरी जम्मा ९३.३ प्रतिशत सनातन धर्म मान्ने जनता भएको देशमा आन्दोलनका समयमा नउठेको धर्मनिरपेक्षता जबर्जस्ती लादियो भन्ने बुझाइ सामान्य जनतामा छ ।

कम्युनिस्टहरु धर्म विरोधी हुन् तर नेपाली कांग्रेस धार्मिक स्वतन्त्रताको मान्यता र राख्ने लोकतान्त्रिक पार्टीको धारणा के आउँछ भनेर सर्वसाधारण जनता कुरेर बसेका छन् । त्यसैले यस विषयमा पनि नेपाली कांग्रेसले आफनो आगामी अधिवेशनबाट जनताले बुझ्ने भाषामा स्पष्ट विचार दिन सक्नुपर्छ ।

४. युवा आकर्षणको एजेन्डा : सन् २०११ को जनगणनाअनुसार लगभग ३८ लाख नयाँ युवा मतदाताका रुपमा आगामी निर्वाचनमा थपिन्छन् । नेपाली कांग्रसमा युवालाई समेट्न बनाइएका संगठनहरु नेविसंघ र तरुण दल मृत प्रायः छन् । तरुण दल र नेविसंघ आफैंमा विभाजित छन् ।

त्यसैले कांग्रसको युवासम्म पुग्ने कडी चुँडिएको छ । नयाँ थपिने युवा मतदातामा कुनै दल विशेषप्रतिको आकर्षण छैन । किनभने उनीहरु पुरानो पुस्ताजस्तो कुनै दलको छायामा आन्दोलन गरेर आएको पुस्ता होइन । त्यसैले आगामी महाधिवेशनबाट कांग्रेसले युवालाई ध्यानमा राखेर स्पष्ट कार्यक्रम ल्याउनुपर्छ अन्यथा आगामी निर्वाचनको परिणाम सोचेभन्दा उल्टो आउन सक्छ ।

अन्त्यमा, अहिले कांग्रेसको नेतृत्वमा को पुग्ने भन्ने होडबाजी देखिन्छ । महाधिवेशनको मुखैमा यो स्वाभाविक पनि हो । तर विनाएजेन्डाको होडबाजीले कांग्रेसलाई कहीँ पुग्न दिँदैन । यस विषयमा बेलैमा कांग्रेसका सबै कार्यकर्ता र नेता सजग हुनु जरुरी छ ।

यी र यस्तै कुराहरुमा महाधिवेशनबाट कांग्रेस स्पष्ट हुन नसकेमा कसैले नेतृत्वमा बाजी त मार्ला तर कांग्रेसजन र जनताले पक्कै हार्नेछन् । अनि कांग्रेस कांग्रेसलाई अकल्पनीय दुर्घटनाबाट बचाउन पनि कसैले सक्नेछैन । लेखक, त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक हुन ।

नोभल कोरोना भाईरस (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



खानेपानी,सडक,बिद्युत,कृषि,पर्यटन,सञ्चार,खेलकुद,स्वास्थ्य र शान्तिसुरक्षा र शिक्षा पौवादुङमावासीलाई उपलब्ध गराउने गाँउपालिकाको इच्छा

## पौवादुङमा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यलय
च्याङग्रे भोजपुर,१ नम्बर प्रदेश नेपाल

**सेवा प्रदायक संस्था छनौटका लागि आशयपत्र सम्बन्धी प्रकाशित सुचना**
सुचना प्रकाशित मिति २०७७/०७/२७)

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको :थानीय तह मार्फत सञ्चालन हुने सशर्त अनुदानको रुपमा उपलब्ध बजेट तथा कार्यक्रमको गरिबी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम सेवा प्रदायक संस्था मार्फत सञ्चालन गर्ने प्रयोजनका लागि :थानीय तहमा काम गर्न ईच्छुक सेवा प्रदायक संस्थाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद - ३ को दफा ३, (अनुसुची - ४) बमोजिम तोकिएको ढाँचामा आवश्यक कागाजात एवं संस्थाको विवरण सहित यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र संक्षिप्त सुचीको लागि आशयपत्र पेश गर्नहुन सम्वन्धित सवैमा यो सुचना प्रकाशित गरिएको छ ।

**आशयपत्रको विवरण** :

| आशयपत्र आवेदन नं. | आशयपत्र सम्वन्धी विवरण | खरिद विधी | फाराम दस्तुर | फाराम खरिद तथा पेश गर्ने अन्तिम मिति | मूल्याङ्कन मिति |
|---|---|---|---|---|---|
| ०१-०७७/०७८ | स्थानीय तहले नयाँ लघु उद्यमीको सिर्जना तथा लघु उद्यमको स्तरोन्नतीको लागि आवश्यक एडभान्स तालिम तथा सीप विकास तालिम सञ्चालन गर्नको लागि | शिलवन्दी | १०००।- | २०७७/०८/१० गते कार्यालय समयभित्र | कार्यालयको निर्णयानुसार गरिने छ । |

शर्तहरु :
१. आशयपत्र सम्वन्धी तोकिए बमोजिमको दरखा:त फाराम यस कार्यालयबाट प्राप्त गर्न सकिने छ ।
२. प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र संस्था दर्ता प्रमाणपत्र, मु. अ. क. दर्ता प्रमाणपत्र र आर्थिक बर्ष २)७७/)७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी कार्यालय समयभित्र गाउँ कार्यपालिकाको कार्यालय, च्याङ्ग्रेबाट तोकिएको फाराम दस्तुर (पछि फिर्ता नहुने) बुझाई दरखास्त फाराम पेश गनुपर्नेछ .
३. आशयपत्र दरखा:त फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्बजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको कार्यालय समय भित्र खरिद तथा दर्ता गर्न सकिने छ .
४. यस संग सम्वन्धित अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २)६३ तथा नियमावली, २। ६४ र पौवादुङमा गा. पा. को स्थानीय सार्वजनिक खरीद नियमावली, २)७६ बमोजिम हुने छ ।

**आशयपत्र साथ पेश गर्नु पर्ने आबश्यक कागाजातहरु:**
(क) संस्थाको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिप ।
(ख) स्थायी लेखा नम्बर (PAN_ लिई मुल्य अभिबृद्धि कर VAT मा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
(ग) आ. व. २)७७/)७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
(घ) जनशसक्तीको योग्यता र अनुभव सम्वन्धी कागाजातहरु,
(ङ) संस्थाको सेवा सम्वन्धी काम गरेको अनुभव र भौगोलिक क्षेत्रको अनुभवका कागाजातहरु,
(च) वित्तिय क्षमता र भौतिक/उपकरण र क्षमता सम्वन्धी कागाजातहरु,
(छ) संस्थाको स्वघोषणा पत्र,

**प्रमुख प्रशासकीय अधिकृत**


# प्रदेश १ मा एकै दिन १७ जना कोरोना संक्रमितको मृत्यु



**विराटनगर ।** प्रदेश १ मा एकै दिन १७ जना कोरोना संक्रमितको मृत्यु भएको छ ।

पछिल्लो २४ घण्टामा प्रदेशका ६ जिल्लाका १७ जना कोरोना संक्रमितको मृत्यु भएको हो ।

प्रदेश १ सामाजिक विकास मन्त्रालयका अनुसार मोरङका ५, झापाका ६, सुनसरीका २, उदयपुरका २ र धनकुटाका एकजनाको मृत्यु भएको छ ।

यो सँगै प्रदेशमा कोरोना संक्रमणका करण मृत्यु हुनेको संख्या २६२ पुगेको छ । मन्त्रालयका अनुसार मोरङमा कोरोना संक्रमणका कारण मृत्यु हुनेको संख्या ९४ पुगेको छ । जसमा २५ जना महिला र ६९ जना पुरुष छन् ।

सुनसरीमा ३३ महिला र ५२ पुरुष गरी ८५ जना कोरोना संक्रमितको मृत्यु भइसकेको छ ।

झापामा ४६, उदयपुरमा ६, धनकुटामा ४, तेह्रथुममा ३ जना कोरोना संक्रमितको मृत्यु भएको छ । त्यस्तै ताप्लेजुङमा १, इलाममा २ जनाले कोरोना संक्रमणका करण ज्यान गुमाएका छन् ।

मन्त्रालयका अनुसार प्रदेशमा मृत्यु हुनेमध्ये २१ जना प्रदेश १ बाहिरका छन् । त्यस्तै प्रदेश १ मा कोरोना संक्रमितको संख्या २२ हजार ५१३ पुगेको छ । जसमा १५ हजार ३१५ जना संक्रमणमुक्त भएका छन् । ६ हजार ९ सय ३६ जना सक्रिय संक्रमित छन् ।

# मेची नदीमा छठ पूजा नगरिने

**झापा ।** नेपालकै दोस्रो ठूलो छठ पर्व मनाइने नेपाल-भारतको सीमामा पर्ने मेची नदीमा यस वर्ष छठ पूजाको व्यवस्थापन नगरिने भएको छ।

कोरोना भाइरस (कोभिड-१९)को महामारीको कारण स्वास्थ्य सुरक्षा मापदण्डअनुसार भौतिक दूरी कायम राख्नुपर्ने, भिडभाड, हुलहुज्जा गर्न नहुने भएकाले यस वर्ष भद्रपुर नगरपालिका-५ स्थित मेची नदी किनारमा छठ पूजाको व्यवस्थापन नगरिने जनाइएको छ।

तिहारमा समूहगत देउसी-भैलो नखेल्न, बिनाकाम घरबाहिर भिडभाडमा ननिस्कन, छठमा घाट नबनाउन सबै संघसंस्थालगायत सम्पूर्ण नगरवासीसँग भद्रपुर नगरपालिकाले सूचना जारी गर्दै आग्रह गरेको छ।


**हाम्रो स्पेशल सेकुवा कर्नर**

सुन्दरहरैंचा १२ विराटचोक (मोरङ)
प्रो . गणेशकुमार खड्का (सम्पर्क ९८४२०९८३७६)







यहाँ स्पेशल खसिको सेकुवा, वोयल, सादा सेकुवा, खसिको मःम लगायत चिसो पेय पदार्थ मज्जाले बसेर खान पाईने व्यवस्था छ । विगत लामो समय देखि तपाईंहरुको सेवामा समर्पित रहेकोले सेवा गर्ने मौका दिनुहोला ।

**प्रज्ञा डल हाऊस**

सुन्दरहरैंचा १२ विराटचोक (मोरङ)
प्रो . सबिता कार्की सम्पर्क ९८०४३२८१६०




यहाँ डलका कपडा, फाईबर, कुसन तथा डल बनाउँने सामाग्री सुपथ मूल्यमा पाईन्छ । साथै डल बनाउँने सम्बन्धि राम्रो तालिम दिएर स्वरोजगार बनाईने भएकोले सेवा गर्ने मौका दिनुहोला ।

**"एबी इन्टरनेशनल हाम्रो, हरेक सामान छ राम्रो ।"**

ब्रान्डेड, सर्टिङ, सुटिङ तथा टेलरिङ साडी, कुर्ता, लेहेङ्गा तथा सम्पूर्ण थान कपडाको एकमात्र पसल

हाम्रा विशेषताहरू :
- ब्रान्डेड, सर्टिङ, सुटिङ तथा टेलरिङको भरपर्दो सेवा
- स्वदेशी तथा विदेशी डिजाइनरबाट लेहेङ्गा तथा बुटिक डिजाइन
- बेहुला बेहुलीको ड्रेस डिजाइन
- स्कुल कलेजको ड्रेस तयारी



**एबी इन्टरनेशनल**

सुन्दरहरैंचा न.पा.-९, विराटचौक, (दक्षिणलाइन) सम्पर्क नं. : ९८५२०४१९५५, ९८०७३७०९००

हाम्रा अन्य सेवाहरु : एबी कलेक्सन, एबी गोल्ड प्यालेस

सस्तो मूल्यमा भरपर्दो सेवाका लागि हामीलाई सम्झनुहोस् ।

नोट : २४ घण्टामा सुट तयार गरिन्छ ।

**सुन्दरहरेचा नगरपालिका मोरङको अनुरोध**

१. सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
२. घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौ ।
३. घर जग्गा कर समयमानै तिर्ने गरौं ।
४. सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
५. बालश्रमको प्रयोग नगरौ नगराऔ ।
६. आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वार्षीय रुख विरुवा रोपौ ।
७. महिला हिंसा अन्त्यका लागि आ आफ्नो ठाउंबाट काम गरौ ।
८. फाहोर बोक्ने सवारी साधन आएको बखत मात्र फोहोर बाहिर निकालौ । जथाभाबी फोहोर नगरौ ।
९. भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

**बेलबारी नगरपालिका मोरङको अनुरोध**

१. सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
२. घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौ ।
३. घर जग्गा कर समयमानै तिर्ने गरौं ।
४. सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
५. बालश्रमको प्रयोग नगरौ नगराऔ ।
६. आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वार्षीय रुख विरुवा रोपौ ।
७. महिला हिंसा अन्त्यका लागि आ आफ्नो ठाउंबाट काम गरौ ।
८. फाहोर बोक्ने सवारी साधन आएको बखत मात्र फोहोर बाहिर निकालौ । जथाभाबी फोहोर नगरौ ।
९. भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

सफलताको पाँचौं शाखा सुनसरीको धरानमा तपाईंहरुको सेवामा निरन्तर समर्पित

सञ्चालनको दौरानसँगै हाम्रा प्रिय ग्राहक एवं शुभचिन्तकहरुलाई निरन्तर सेवा दिन इटहरी पश्चात क्रमशः विराट चोक, पथरी र दकम हुँदै धरानमा आइपुग्यौं ।

५

अब गोरखाको सबै शाखामा थकाली खाना पनि उपलब्ध छ ।

**गोर्खा डिपार्टमेन्ट स्टोर परिवार**
प्रधान कार्यालय इटहरी
शाखाहरु : विराट चोक, पथरी, दमक, धरान

**उर्लाबारी नगरपालिका मोरङको अनुरोध**

१. सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
२. घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौ ।
३. घर जग्गा कर समयमानै तिर्ने गरौं ।
४. सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
५. बालश्रमको प्रयोग नगरौ नगराऔ ।
६. आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वार्षीय रुख विरुवा रोपौ ।
७. महिला हिंसा अन्त्यका लागि आ आफ्नो ठाउंबाट काम गरौ ।
८. फाहोर बोक्ने सवारी साधन आएको बखत मात्र फोहोर बाहिर निकालौ । जथाभाबी फोहोर नगरौ ।
९. भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

**लेटाङ नगरपालिका मोरङको अनुरोध**

१. सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
२. घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौ ।
३. घर जग्गा कर समयमानै तिर्ने गरौं ।
४. सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
५. बालश्रमको प्रयोग नगरौ नगराऔ ।
६. आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वार्षीय रुख विरुवा रोपौ ।
७. महिला हिंसा अन्त्यका लागि आ आफ्नो ठाउंबाट काम गरौ ।
८. फाहोर बोक्ने सवारी साधन आएको बखत मात्र फोहोर बाहिर निकालौ । जथाभाबी फोहोर नगरौ ।
९. भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।


## आजको राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):** कुरा काटनेहरु सक्रिय बन्नेछन । सोचेका काममा बाधा अबरोध हुने छ ।

**वृष (इ, ऊ,ए,ओ,बा,बि,बु,बे,बो) :** स्वास्थयमा समस्या उत्पन्न होला । धनखर्च बढेर जाने छ ।

**मिथुन (का,कि,कु,घ,ङ,छ ) :** ब्यापार ब्यबसायमा लाभ मिल्ने छ । नयाँ कामको थालनी गर्दा बेश होला ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो) :** अनावश्यक पिर चिन्ताले सताउने छ । मनमा द्बिबिधा उत्पन्न होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे ) :** आर्थिक समस्याले सताउने छ । आफन्तबाटै धोका हुने छ ।

**कन्या (टो,प,पि,पुष,ण,ठ,ते,पो):** कुरा काटनेहरु सक्रिय होलान । प्रेममा मिलन हुने सम्भावना छ ।

**तुला (र,रि,रु,रे,रो,ता,ति,तु,ते) :** दैनिक कामकाजहरु सहजै सम्पन्न होलान । सबैको साथ सहयोगले कामहरु बन्नेछन ।

**वृश्चिक (तो,ना,नि,नु,ने,नो,या,यि,यु) :** बैदेशिक रोजगारीका लागी आजको समय राम्रो छ । मनमा प्रसन्नता छाउने छ ।

**धनु (ये,यो,भ,भि,भु,ध,फा,ढ,ढे):** शैक्षिक क्षेत्रमा सफलता हात पर्ने छ । सोचेका कामहरु सहज बन्नेछन ।

**मकर (भो,ज,जि,खि,खु,खे,फो,गा,गि) :** आर्थिक लाभ मिल्ने छ । कुरा काटनेहरु प्रशंषा गर्न थाल्नेछन ।

**कुम्भ (गु,गे,गो,सा,सि,सु,से,सो,द) :** ब्यापार ब्यबसायमा लाभ मिल्ने छ । मनमा खुसीयाली छाउने छ ।

**मीन (दि,दु,थ,झ,ञ,दे,दो,च,चि):** साथीभाईको साथ सहयोग रहला । आफन्त इष्टमित्रहरु सँग भेटघाट हुने छ । ।

# सुनसरीमा सवारी दुर्घटना दुई जनाको मृत्यु

**सुनसरी ।** सुनसरीको दुई छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा परी दुईजनाको मृत्यु भएको छ ।

सुनसरीको बराहक्षेत्र नगरपालिका-१ करमखोला पुलमा मंगलबार बिहान सवा ८ बजे प्रदेश १-०२-०४० प ५२९६ नम्बरको मोटर साइकलले पैदल यात्रीलाई ठक्कर दिँदा घाइते भएका स्थानीय ५५ वर्षीय धनबहादुर कार्कीको उपचारको क्रममा वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपामा मृत्यु भएको हो ।

ठक्कर दिने मोटर साइकल इलाका प्रहरी कार्यालय चतराले नियन्त्रणमा लिएको छ भने घाइते मोटरसाइकल चालकको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपामा उपचार भइरहेको उक्त कार्यालयले जनाएको छ ।

यसैगरी सुनसरीकै हरिनगर गाउँपालिका-३ मंगलबार बिहान साढे ९ बजे को२त ९५८९ नम्बरको ट्रयाक्टर दुर्घटना हुँदा ट्रयाक्टरका सहचालक रामधुनी-१ का मनोज श्रेष्ठको मृत्यु भएको छ ।

गौतमपुरमा निर्माणाधीन सडकका लागि पानी बोकेर जाँदै गरेको उक्त ट्रयाक्टर आफै अनियन्त्रित भई बिजुलीको पोलमा ठोक्किएको थियो ।

सो क्रममा घाइते भएका सहचालक श्रेष्ठको जिल्ला अस्पताल इनरुवामा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।





२०७७ सालको शुभदिपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ दिदि बहिनी तथा सेयर सदस्यहरुमा सुख, शान्ति सुस्वास्थ्य , दीर्घायुका साथै उत्तरोतर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष . रामप्रसाद गजुरेल

एवम् ईन्द्रपुर बहुउद्देश्यीय सहकारी संस्था लि . परिवार

सुन्दरहरैंचा ९ मोरङ

*कोरोना कहरको समयमा सावधानी पूर्वक चाडपर्व मनाउँनु होस र स्वास्थ्य रहनुहोस ।*




२०७७ सालको शुभदिपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण शिक्षक,अभिभावक,बिद्यार्थी तथा नेपाली दाजुभाइ दिदि बहिनीहरुमा सुख, शान्ति सुस्वास्थ्य , दीर्घायुका साथै उत्तरोतर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।


प्रताप थापा (अध्यक्ष) मानबहादुर खडका (प्रधानध्यापक)

भगवती माध्यमिक बिद्यालय परिवार

बेलबारी ३, मोरङ

*कोरोना कहरको समयमा सावधानी पूर्वक चाडपर्व मनाउँनु होस र स्वास्थ्य रहनुहोस ।*


## हार्दिक समवेदना



जन्म:
जन्म २००७ । वैशाख
१८ तेह्रथुम साब्ला ४

**स्व. खगेन्द्र सुवेदी**

स्वर्गारोहण:
२०७७ । ७ । १८
बेलबारी,३ मोरङ

*बेलबारीका सामाजिक ब्यत्तित्व, ब्यबसायी तथा यस दैनिकका शुभचिन्तक सञ्जय सुवेदी र युवराज सुवेदीका पुजनीय पिता, नेपाल सरकारका निबृत कर्मचारी, समाजसेवी तथा अग्रज ब्यत्तित्व खगेन्द्रप्रसाद सुवेदीको ७० बर्षको उमेरमा यहि मिति २०७७ कार्तिक १८ गते राति भएको असामयिक निधनले हामीलाई मर्माहत तुल्याएको छ ।*

*शोकको यस दु:खद घडीमा मृतआत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति ईश्वरले धैर्यधारण गर्ने शत्ति प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौँ ।*

**बेतना दैनिक परिवार**

**बेलबारी १ मोरङ**





२०७७ सालको शुभदिपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ दिदि बहिनी तथा समस्त ग्राहकबर्गहरुमा सुख, शान्ति सुस्वास्थ्य , दीर्घायुका साथै उत्तरोतर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

प्रो.कमल कार्की

कार्की फ्रेस हाउस परिवार

सुन्दरहरैंचा १२ बिराटचौक मोरङ

*कोरोना कहरको समयमा सावधानी पूर्वक चाडपर्व मनाउँनु होस र स्वास्थ्य रहनुहोस ।*




२०७७ सालको शुभदिपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ दिदि बहिनी तथा सेयर सदस्यहरुमा सुख, शान्ति सुस्वास्थ्य , दीर्घायुका साथै उत्तरोतर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष . केदारप्रसाद गुरागाई

एवम् हातेमालो बहुउद्देश्यीय सहकारी संस्था लि . परिवार

सुन्दरहरैंचा १० खोर्साने मोरङ

*कोरोना कहरको समयमा सावधानी पूर्वक चाडपर्व मनाउँनु होस र स्वास्थ्य रहनुहोस ।*




प्रो. रोशन ढकाल

मो. ९८४२२५९७४९
९८५२०५७७९२

**माछापुच्छ्रे ज्वेलर्स**

सुन्दरहरैंचा न.पा. ५,
विराटचोक (मितेरी बैंक भुईतल्ला)
www.nepalibiz.com.np/rosan

यहाँ ग्यारेन्टीका साथ पुराना तथा आधुनिक डिजाइनका सुनचाँदीका गरगहना तयार एवम् खरिद बिक्री गरिन्छ साथै राशी अनुसारका पतथर पनि उपलब्ध गराइन्छ ।




**सुन्दर स्वास्थ्य क्लिनिक**

हामी कहाँ

पाइल्स (Piles)
फिस्टुला (Fistula)
हाइड्रोशिल (Hydrocele)



यहाँ विरामी जाँच गर्नुका साथै दिसाबाट रगत जाने, मासु पलाउने, दिसाघर वरीपरि घाउ हुने, पिप आउने, गाठागुठी हुने, अण्डकोशमा पानि जम्ने जस्ता विरामिहरुको ग्यारेण्टीका साथ औषधीद्वारा उपचार गरिन्छ ।

सम्पर्क नं.:
९८००९०४१२१
९८१७७१५२६६

नाम दर्ता रु. २००/- मात्र

सम्पर्क स्थानः
सुन्दर स्वास्थ्य क्लिनिक
सुन्दरहरैंचा-१२, मोरङ
(सुकुना स्कुल अगाडी, सुकुना क्याम्पस जाने बाटो)


## सुन्दरहरैंचा नगरपालिकाको १५ दिने सुचना

सुन्दरहरैंचा नगरपालिका वडा नम्बर १० बस्ने श्री लावन्न देवी ढकालले आफ्नो नाममा दर्ता रहेको साविक हरैंचा ९ (घ) हाल सुन्दरहरैंचा न.पा.वडा नम्बर १० सडक शाखा मा पर्ने कित्ता नम्बर ८११९ क्षेत्रफल ०-०-७-३ भित्र यस नगरपालिका मा पेश गरेको नक्सा बमोजिम पक्की निर्माण गर्न निबेदन पेश गरेकोमा सधियारको नाममा यो सुचना प्रकाशित गरिएको छ ।

निबेदन साथ पेश हुन आएको प्रमाण र नापीको आधार मा निर्माण स्वीकृति दिँदा तपाईको जग्गा लगायत सार्बजनिक स्थलको हानीनोक्सानी हुन्छ,हुँदैन,सन्धि सर्पन हानीनोक्सानी हुने भए यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र सबुत प्रमाणसहित नगरपालिका कार्यलयमा उजुर गर्न सुचित गरिन्छ । म्याद नाघी आएको उजुरी उपर कुनै किसिमको कारबाही नहुने ब्यहोरा जानकारीका लागी अनुरोध छ ।

| दिशा | छाडेको आफ्नो जग्गा | कि.न | सधियारको नाम |
|---|---|---|---|
| पुर्व | | | कमला अधिकारी,गोतम |
| पश्चिम | १६ । ६ | | बाटो |
| उत्तर | ३ | | कमलादेबी ढकाल |
| दक्षिण | ०“० | | कुमारी गौतम,थापा |

लम्बाई ३३“ ६ ” चौडाई २५“ १ ”उचाई १९.५ तला संख्या १


लम्साल बेकरी उद्योग बेलबारी पछि अब बिराटचोकमा

लम्साल बेकरी लेण्ड

A Complete Bakery & Cake Shop

Lamsal

9842120030

बिराटचोक, मोरंङ

ताजा केकको परिकारका लागी हामीलाई सदा सम्झनुहोस ।

नोट: यहाँ तपाइको फोटो वा design अनुसारनै cake तयार गरिन्छ ।




लम्साल बेकरी उघोग बेलबारी,मोरङ. | लम्साल बेकरी ल्याण्ड विराटचौक,मोरङ.


बेतना

बेतना दैनिक प्रकाशनका लागि : खड्गबहादुर श्रेष्ठ "साने", मणिसुन्दर थापा, रसिन लामा,कुल प्रसाद बराल,कर्ण राई,उप–सम्पादक मणिराम दहाल ( ९८४२२४०१६६ ऐश्वर्यप्रसाद आचार्य (बिपिन) , प्रबन्ध निर्देशक/विज्ञापन : टंक चौलागाई (९८१२३१५४०४) कम्प्युटर लेआउट : मुद्रण : अनिस एण्ड मनिस अफसेट प्रेस बेलबारी (९८१२३१५४०४), प्रधान कार्यालय, बेलबारी-१, मोरङ, Email:betanadaily@gmail.com, प्रधान सम्पादक : राजकुमार लिम्बु,सम्पादक/प्रकाशकः नरेन्द्र बस्नेत (९८४२०५७४१८)